श्रम ऐन,२०७४
को पालना गरौं,
श्रमिक,श्रमिक
आपुर्तिकर्ता र रोजगारदाता
सजग बनौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily





वर्ष ८ अंक ३४ ०३ भदौ २०७९ शुक्रबार 19 August 2022 Friday पृष्ठ : ४ मूल्य : ५ रुपैयाँ

# कपिलवस्तुमा नक्कली डाक्टरको बिगबिगी

## जन गुनासो बढे पछि अनुगमन गर्दै प्रशासन



कपिलवस्तु, २ भदौ

गत शनिबार कपिलवस्तुको सुद्धोदन गाउपालिका-५ हथिहवा शविलवाका पन्नालाल राजभरको छोराको कान दुख्यो। नजिकै रहेको सहानी मेडकिल लगेर देखाए। आफूलाई डाक्टर भन्ने बिनय कुमार मल्लाहले 'मोनसेक' नामक सुइ पाखुरामा लगाइ दिए। त्यसको १० मिनेटमै १४ वर्षीय छोरा दुर्गेश राजभर बेहोस भए। थप उपचार गराउन लबनी अलशेख अस्पताल लगे। त्यहाँ उपचार हुन सक्दैन भनेपछि तौलहिवा जिल्ला अस्पताल ल्याउँदा बाटोमै बच्चाको मृत्यु भयो। घटनालगत्तै परविारको आग्रहमा नक्कली डाक्टर तथा सो मेडिकलका संचालक अम्रेश सहानीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ गरिएका सहानीसँग मेडकिल प्रमाणपत्र, मेडकिल काउन्सलि तथा अन्य चकित्सिकसम्बन्धी कुनै कागजात नरहेको प्रहरी नरीक्षक रेशम पौडेलले जानकारी दिए। सहानी जस्तै जिल्लाका गाउँदेखि शहरमा नक्कली झाले डाक्टरहरु कै बिगबिगी छ। उनीहरुले मान्छेको जनस्वास्थयमाथि खेलवाड गरीरहेका छन्। उनीहरु कै कारणले कैयौंले ज्यान समेत गुमाएका छन्। तर जिल्लाका गाउँदेखि शहरमा नक्कली डाक्टरले गैर कानुनी रुपमा खुलेयाम औषधि पसल र क्लिनिक संचालन गरे पनि सरोकारवाला मौन बसेका छन्। अनुगमन, निरीक्षणमा चासो नदिँदा अवैध औषधि पसल खुल्ने क्रम बढदै गएको छ। अनुगमन गर्ने निकाय मौन बस्दा यहाँ ग्रामीण भेगदेखि शहर बजारमा गैर कानूनी औषधि पसलको संख्या दिननुदिन बढदै गएको हो। औषधि व्यवस्था विभाग, प्रशासन, प्रहरी तथा स्वास्थ्य कार्यालय लगायत कुनै पनि निकायाले पनि त्यस्ता पसल संचालनमा रोक नलगाउदा यहाँको जन स्वास्थय समस्या जटिल बन्दै गएको छ।

यहाँ अधिकांश औषधि पसलहरु गैरकानूनी रुपमा सञ्चालन भइरहेका छन्। औषधि पसल सञ्चालनको लागि औषधि व्यवस्था विभागबाट अनिवार्य दर्ता गराउनु पर्ने प्रावधान छ दर्तावाल औषधि पसलमा औषधि मात्र बिक्री गर्न पाईन्छ। क्लिनिक संचालन गर्न गरेपछि मात्र चेकजाँच र उपचार गर्न पाईने नियम छ। क्लिनिक संचालनकालागि जिल्ला स्वास्थ्य कार्यालयसँग अनिवार्य स्विकृति लिनु पर्ने प्रावधान रहेको छ।

तर, त्यस विपरित जिल्लामा दुई सय भन्दा बढी औषधि पसल सञ्चालनमा रहेको औषधि व्यवसायी संघले जनाएको छ। पसल मात्र नभई झोला छाप र भारतीय नक्कली डाक्टरहरु समेत दर्जनौको संख्यामा रहेका छन्। 'यस्ता गैरकानूनी पसल तथा झोले डाक्टरहरु जिल्लाका ग्रामिण भेगमा जरा गाडेर बसेका त छन् नै सदरमुकाममा समेत किराना पसल झै छ्यापछ्याप्ती छन्' औषधि व्यवसायी संघका पूर्वजिल्ला सचिव मनिराजम पाण्डेयले भने, 'तर कारबाही गर्ने आँट कसैबाट भएको छैन।' जिल्लामा कति दर्तावाल औषधि पसल छन् र कति छैनन् त्यसको तथ्याङ्क राख्ने निकाय समेत जिल्लामा छैन। त्यस्ता पसलमा प्रतिबन्धित, म्याद नाघेका तथा कमसल तथा नक्कली खालका औषधिहरु बिक्री हुने गरेको पाण्डेय बताउँछन्। जसका कारण स्वास्थ्य सेवा झन जटिल बन्दै गइरहेको छ।

औषधि पसल सञ्चालनका लागि फार्मेसी विषयमा अध्ययन गरेको वा औषधि व्यवस्था विभागद्वारा प्रदान गरिने तालिममा सहभागी भएका लाई मात्र विभागले औषधि पसल सञ्चालनको लागि स्विकृति पत्र प्रदान गर्ने गर्दछ। दर्तावाल औषधि पसल र निजी क्लिनिक प्राप्त औषधि पसलहरुले राजस्व कार्यालयमा समेत दर्ता गराउनु पर्छ। उता विना इजाजतका त्यस्ता पसलहरुका कारण सरकारलाई लाखौं रुपैयाँको राजस्व समेत घाटा लागिरहेको छ। औषधि विक्रेताहरुले भारतीय सीमानाबाट विना भन्सार प्रतिबन्धित लगायतका अन्य औषधिहरु समेत नेपाल भित्रयाउने गरेको कारण आफूलाई समस्याका साथै व्यवसायमा समेत घाटा व्यहोर्नुपरेको दर्तावाल व्यवसायीहरुले गुनासो गरेका छन्।

स्वास्थ्य कार्यालयका हेमराज पाण्डेयले अनुमति वगेरका औषधि पसल र क्लिनिक सञ्चालन गर्नु अवैधानिक कार्य भएको बताए। 'गाउँदेखि शहरसम्म गैर कानुरी औषधि पसल संचालन गरको सुनोका छौं, तर समन्वय र सहयोगको अभावमा अनुगन हुन नसक्दा समस्या बढदै गएको छ,' उनले भने 'सो समस्यामा हाम्रो पनि ध्यान पुग्न सकेको छैन। 'जिल्लामा यसको संजाल व्यापक भएको तर औषधि व्यवस्था विभागको जिल्लामा कार्यालय नहुँदा अनुगमनको

(बाँकी ३ पेजमा >>>

# नागरिकता विधेयक दोस्रो पटक बहुमतले पारित

## एमाले विधेयकको विपक्षमै



काठ्माण्डौ, २ भदौ

राष्ट्रपति विद्यादेवी भण्डारीले पुनर्विचार गरियोस भनेर सन्देशसहित फिर्ता पठाएको नेपाल नागरिकता विधेयक २०७९ प्रतिनिधिसभामा बहुमतले पारित भएको छ । बिहिबार सरकारले प्रतिनिधिसभामा पुनः प्रस्तुत गरेको नागरिकतासम्बन्धी विधेयकमाथि मत विभाजन गर्दा पारित गरियोस भन्ने प्रस्तावमा कूल उपस्थित १ सय ९५ सांसदमध्ये पक्षमा १ सय ३५ मत र विपक्षमा ६० मत परेको हो ।

प्रमुख प्रतिपक्षी दल एमालेका २८ जना बढी सांसदले ध्वनी मतको विपक्षमा उभिएर मत विभाजनका आधारमा विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्न आग्रह गरेका थिए । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीले नागरिकता विधेयकको पक्षमा छन् भने नेकपा एमाले, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, राप्रपा विधेयकको विपक्षमा रहे ।

गत साउन ७ गते प्रतिनिधिसभाले नेपाल नागरिकता संशोधन विधेयक २०७९ बहुमतले पारित गरेको थियो । यस्तै साउन १२ गते राष्ट्रियसभाले पारित गरेपछि प्रमाणीकरणका लागि विधेयक राष्ट्रपतिको टेवुलमा पुगेको थियो । राष्ट्रपति भण्डारीले गत साउन ३० गते विभिन्न ९ बुँदामा प्रश्नहरु उठाउँदै सो विधेयक संसदमा फिर्ता पठाएकी थिइन् । झन्डै २२ महिना प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था समितिमा छलफल भएर २०७७ असार ९ गते राज्य व्यवस्था तथा सुशासन समितिले बहुमतले पास गरी प्रतिनिधिसभामा प्रतिवेदन पठाएको थियो । प्रतिवेदन पठाएको ६ महिनासम्म सो विधेयक तत्कालीन केपी शर्मा ओली सरकारले सदनमा अघि बढाएन । २०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री ओलीले संसद विघटन गरे । त्यसपछि २०७८ जेठ ८ गते ओलीले दोश्रो पटक संसद विघटन गरेर त्यसको भोलीपल्ट जेठ ९ गते उनले हालको विधेयकमा रहेको प्रावधान अनुसारकै नागरिकतासम्बन्धी अध्यादेश जारी गरेका थिए । यसअघि आफ्नो नेतृत्वको सरकारले जारी गरेको अध्यादेशको आधारमा नागरिकतासम्बन्धी विधेयक आएपनि एमालेले विरोध गरेको प्रति गठबन्धन दलका सांसदहरुले आश्चर्य व्यक्त गरेका छन् । प्रतिनिधिसभाबाट पारित यो विधेयक अब राष्ट्रियसभामा पेश हुनेछ । रातोपाटी

# चन्द्रौटामा तीज महोत्सव




कपिलवस्तु, २ भदौ

कपिलवस्तुमा पहिलो पटक तीज महोत्वस गरिने भएको छ । मौलिक तीज गीतको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले कपिलवस्तुको शिवराज नगरपालिकाको चन्द्रौटामा १२ दिने तीज महोत्सवको आयोजना गरिने भएको हो। हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा नगरपालिकाको चन्द्रौटा स्थित महोत्सव स्थलमा भदौ २ देखि १४ गतेसम्म महोत्सव सञ्चालन गरिने भएको हो।

छमछमि इन्टरटेमेन्ट प्रालिका आयोजनामा मौलिक तीजको जर्गेन गर्ने उद्देश्यले जिल्ला मै पहिलो पटक तीज महोत्सव सञ्चालन गर्न लागिएको आयोजकले बताएको छ । लामो समयसम्म कोरोना महामारीले गर्दा मनोरजनात्मक कार्यक्रमहरु ठप्प रहेकोले तिजको अवसर उक्त कार्यक्रम आयोजना गरिएको बताइएको छ।

कला संस्कृति परम्परा भेषभुषा संस्कारको पहिचान, युवा जगतको अभियान भन्ने मुला नारासहित आयोजित महोत्सवले मौलिक संस्कृतिलाई जगेर्ना गर्ने कार्यक्रम संयोजक चिन्ता परियारले बताए। महोत्सवलाई भव्य रुपमा सफल गराउन विभिन्न समितिहरुले काम गरिरहको उनले बताए।

महोत्सवमा तीज नृत्य आइडल, खुल्ला तीज गीत प्रतियोगिता आयोजना गरिएको सांस्कृतिक संयोजक सुमन पौडेलले बताए। विजेतालाई पुरस्कृत समेत गरिनेछ । राष्ट्रियकलाकारहरुकोप्रस्तुतिसँगैमहोत्सवले स्थानीय प्रतिभाहरुलाई पनि उजागर गर्ने बताए। उनले कला संस्कतिलाई संरक्षण गर्दै स्थानीयलाई प्राथमिकता दिन आग्रह गरे।

# स्थानिय भू–उपयोग समितिले पायो पूर्णता : जग्गा कित्ताकाटको बाटो



**बिकास थापा**

कपिलवस्तु २ भदौ

बहुप्रतिक्षित रुपमा रहेको स्थानिय भूउपयोग कार्यान्वयन समिति गठन संगै समितिले बाणगंगा नगरमा पूर्णता पाएको छ । बिहिबार बाणगंगा नगरपालिकाको समग्रमा १२३ औ र चालु आर्थिक बर्ष अन्तर्गतको प्रथम कार्यपालिका बैठकवाट पूर्णता दिइएको हो । समितिले पूर्णता पाएसंगै यस समितिले स्थानिय भूउपयोग ऐन २०७६ को दफा २० को खण्ड ६ बमोजिम नगरका जमिनहरुलाई बर्गिकरण गर्ने नगरपालिका प्रबक्त एवम वडा नं २ का वडा अध्यक्ष बिष्णु पौडेलले बताउनुभयो । समितिको संयोजकमा नगरका उपप्रमुख र सदस्यहरुमा वडा अध्यक्षहरु पदेन सदस्यमा रहनुभएको छ । यस्तै कार्यपालिका बैठकले समितिमा ४ जनालाई छनौट गरि समितिको जिम्मेवारी दिईएको छ ।

जसमा भेषराज पाण्डे वडा नं ४ , ताराजन घिमिरे वडा नं २ ,ईन्दिरा पन्त वडा नं ४ र बिष्णु मल्ल वडा नं ८ बाट रहनुभएको छ । यस्तै भूमिहिन दलित ,भूमिहिन सुकुम्बासी र अब्यवस्थितहरुको पालिका स्तरिय सहजीकरण समिति पनि गठन भएको छ । नगर प्रमुखको अध्यक्षतामा वडा अध्यक्षहरु , कार्यपालिका सदस्यबाट मध्येबाट शारदा परियार र १ अल्पसंख्यकबाट दिलबहादुर सुनारलाई मनोनित गरि यो समितिलाई पनि पूर्णता दिएको प्रबक्ता पौडेलले बताउनुभयो । यस्तै यस समितिले निस्सा प्रदान गरेकाहरुको जग्गाको नापि नक्सांकन गर्ने उहाको भनाई रहेको छ ।

यस्तै वडा अध्यक्षको अध्यक्षतमा वडा स्तरिय सहजीकरण समिति पनि गठन गर्ने निर्णय भएको छ । यसमा नगरपालिकामा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलहरुलाई एक एक जना प्रतिनिधि राख्ने जनाईएको छ । नगरमा करिब ७ हजारको हारहारीमा निस्सा प्रदान गरिएको उहाको भनाई छ । यसैगरि कार्यपालिका बैठकले बर्खायामको समयमा बिभिन्न वडाका बस्तीहरुमा जाने सडकहरुका जिर्ण भएकोले सडक मर्मतका लागि बजेट बिनियोजन गरिएको छ ।

वडाको बजेट सिलिङका आधारमा बजेट बिनियोजन गरिएको प्रबक्ता पौडेलले बताउनुभयो । अन्य बिबिध बिषयमा पनि छलफल भएको छ । यस्तै कार्यपालिका बैठकले भर्खरै बाणगंगा नगरको प्रमुख प्रशासकिय अधिकृतको रुपमा पदभार सम्हाल्न आउनुभएका खिमानन्द भूषाललाई पनि स्वागत गरिएको छ । कार्यपालिका बैठकमा नगर प्रमुख चक्रपाणी अर्याल , उपप्रमुख रिता कुमारी चौधरी ,वडा

## सम्पादकीय

# सहमति कार्यान्वयन गर

नेकपा विप्लव समूहका कार्यकर्ताले ३ बुँदे सहमति कार्यान्वयन होस् भन्नु जायज हो । नाजायज नठानियोस् । त्यो ३ बुँदे सहमति अरुसंग गरेको पनि होइन, सरकारसंगै गरेको हो । सँस्थागत सहमति नतोडोस् सरकारले । सडकमा हिड्ने अरु जो कोहीले पनि भन्ने विषय हो यो । आफैले गरेको सहमति कार्यान्वयन नगरेर उल्टै विप्लव सहितका नेताहरुमाथि मुद्दा लगाएर पक्राउपूर्जी जारी गराउनु जायज हैन । कसैले राम्रो गऱ्यो भन्दैन । भन्न त सरकारका मान्छेले भन्छन् - अदालतले जारी गरेको पूर्जीलाई सरकारसंग नजोडियोस् ।' अदालतमा पनि सरकारवादी मुद्दा लगाएर कैयौं नेतालाई फसाइने पञ्चायती चलन अद्यावधि विद्यमान छ । अहिले मन्त्री बनेका कतिपय नेताहरु पनि त्यस्तै कार्बाहीमा परेकाहरु भेटिन्छन् । पञ्चायत गए पनि सरकारको शासन शैली उस्तै रह्यो । पञ्चायतकै उत्तराधिकारी जस्तो सरकार बन्यो । जनताको सरकार जस्तो बनेन । सहमति कार्यान्वयन गरेर विप्लव समूहलाई पनि चुनावमा प्रतिस्पर्धा गर्ने बाटो सहज बनाइदिने काम गरेन । फेरि विद्रोहतिर जान बाध्य नपारोस् । आन्दोलनकारीका माग समयमै सुनोस् । सहमति कार्यान्वयन गरोस् ।

हाम्रो गठबन्धन सरकारले गरेको हो र सहमति ? भन्न पनि सक्छन् अहिलेको सरकारका मान्छेहरुले । निवर्तमान ओली सरकारले गरेका राम्रा काममा पर्छन् डा. सिके रावत र विप्लव समूहलाई मूलधारको राजनीतिमा ल्याउनु । जस्ले गरेको भए पनि राम्रा कामको प्रशंसा गर्नैं पर्छ । तत्कालीन ओली सरकारले ३ बुँदे सहमति गरेर विप्लव समूहलाई विद्रोहको बाटोबाट मूलधारको राजनीतिमा ल्याउनु प्रशंसनीय काम थियो र हो भनेर जस्ले पनि भन्छ, भन्न पर्छ । त्यस्तो सहमतिलाई तुरुन्तै कार्यान्वयन गरिएको भए अहिले जुलुस सहित प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनै पर्थेन जिल्ला प्रशासन कार्यालयमा पुगेर । अरु राजनीतिक दलहरु आगामी चुनावको जोड घटाउमा लागेका बेलामा विप्लव समूहका कार्यकर्ताहरु पनि लाग्थे होला सहमतिको कार्यान्वयन समयमै गरिएको भए । कार्यान्वयन नभएकैले जुलुस सहित ज्ञापनपत्र बुझाउन पुगे । उनीहरुको माग सुन्नु पर्छ सरकारले । विच्काउने काम गरेर विद्रोहमा जाने बाटो बनाइदिनु हुन्न ।

होला, विप्लवको समूह सानो, कमजोर र टुटफुटले गर्दा शक्तिहीनजस्तो देखिएको पनि । आगाका झिल्कालाई सानो देख्ने गल्ती नगरोस् सरकारले । कुनैबेलाका कांग्रेस, माले, एमाले, मसाले र माओवादीहरु पनि साह्रै सानै समूहमा थिए भन्ने विषय नबिर्सोस् । अनि अहिलेको सरकार जनमुखी काम गरेर लोकप्रिय रहेको भ्रममा पनि नपरोस् । अलोकप्रिय छ र जनतामा असन्तुष्टि व्याप्त छ । विद्यमान जनआक्रोशलाई तुरुन्तै सफलतापूर्वक संयोजन गरेर विद्रोहमा उतार्ने सामर्थ्य विप्लवमा नहोला, त्यहिँभित्रै वा बाहिरबाट अर्को नजन्मेला भन्न सकिन्न । सत्ता र भत्ताका लागि लुछाचुडि गरेका दलहरुले जनताका पीडाप्रति बेवास्ता गरेका छन् । होलान्, उनीहरुका कार्यकर्ता हरेक ठाउँ र गाउँमा, तिनीहरुप्रति जनताको अविश्वास बढ्दै गएको छ । सरकारी र विपक्षी दलले एक अर्कालाई आरोप लगाएकै भरमा जनता भ्रममा पर्ने जमाना छैन । पालैपालो सरकारमा जानेहरु बदनाम भएको बेला हो यो । वर्तमान बेथितिबाट विरक्तिएकाहरुलाई विद्रोहमा जाने अनुकुल वातावरण नबनाइदेओस् । ३ बुँदे सहमति तुरुन्तै कार्यान्वयन गरोस् ।

# नागरिकतामा किन बलजफ्ती ?



नागरिकताको प्रावधान कुनै दल, सरकार वा गठबन्धन विशेषको मात्रै मुद्दा हुन सक्दैन।

जनता र राष्ट्रको अभिभावक (राष्ट्रपति) ले नागरिकता संशोधन विधेयकमा 'चासो र सरोकार' जनाउँदै 'पुनर्विचार'का लागि संसद्को ध्यानाकर्षण गराउनुभयो। चुनावी एजेन्डा बनाएर हतारहतार सत्तापक्षले पारित गरेको उक्त विधेयकमा संसद्मा दफावार छलफल हुने र जनप्रतिनिधिका सुझावहरू समेटिने अपेक्षा देश र जनताको थियो। तर, एकाएक समाचार आयो- सत्ता गठबन्धनले उक्त विधेयकबारे संसद्मा कुनै छलफल वा बहस नै नगर्ने-नगराउने। संसदीय 'कर्मकाण्ड' मात्रै पूरा गरेर पुनःराष्ट्रपति समक्ष अनुमोदन गर्न पठाउने। सुन्दै उदेकलाग्दो यो समाचारले जनताका मुद्दा, चासो र समस्याप्रति सत्ता गठबन्धन कति गैरजिम्मेवार छ भन्ने स्पष्ट हुन्छ। कानुन र विधि निर्माण गर्ने संस्था (संसद्)मा कानुनका विषयमा छलफल गर्न अरुचि देखाउने, आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न 'संसद् र सांसद' का मुख थुन्न खोज्ने सत्तापक्षको यो निर्णय अलोकतान्त्रिक, असंसदीय मात्र होइन, देश र जनताप्रतिको धोखा हो।

नागरिकताको प्रावधान कुनै दल, सरकार वा गठबन्धन विशेषको मात्रै मुद्दा हुन सक्दैन। देशको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता र सुरक्षासँग प्रत्यक्षरूपमा जोडिएको यो विषयमा कदापि खेंलाची गर्नुहुन्न। चुनावमा आफू र आफ्नो पार्टीलाई के-कस्तो फाइदा हुन्छ वा राजनीतिक स्वार्थ प्राप्त हुन्छ भनेर नागरिकतामाथि हेलचेक्र्याइँ गर्नु भनेको 'नेपाली आमा' माथिको गद्दारी हुन जान्छ। देश र जनताप्रतिको बेइमानी हुन्छ। त्यसैकारण राष्ट्रको अभिभावकीय संस्थाले नागरिकता विधेयकमा 'पुनर्विचार गर्न' सम्मानित संसद्को ध्यानाकर्षण गरेको हो। नागरिकता वितरणको प्रावधानले देश र जनताप्रति तत्कालीन र दीर्घकालीन रूपमा गम्भीर असर पर्न सक्ने संकेतकै कारण राष्ट्रपतिले संसद्लाई पुनर्विचारका लागि आग्रह गरेको हुनुपर्छ। सत्तापक्षले बुझ्नुपर्ने महत्त्वपूर्ण पक्ष के हो भने, किन राष्ट्रपतिले यस्तो कदम लिनुपऱ्यो ? किन संसद्को ध्यानाकर्षण गर्नुपऱ्यो ? भन्नेमा एक पटक ठण्डा दिमागले गम्भीर समीक्षा गर्न जरुरी छ।

सांसद तथा जनताका प्रतिनिधिका आवाजलाई पूरै नजरअन्दाज गरेर, हतारहतार राजनीतिक स्वार्थपूर्तिका लागि मात्रै विधेयक पारित गरिएका कारण राष्ट्रपति संस्थाले यसमा चासो देखाउने अवस्था आएको हो। संसद्मा जनता र जनताका प्रतिनिधिको आवाजको सुनुवाइ नै नभएका कारण विभिन्न समूह, संस्था र सरोकारवालाहरूले नागरिकता विधेयक जस्ताको तस्तै अनुमोदन नगर्न राष्ट्रपतिसँग आग्रह गरेका थिए। त्यसैकारण नागरिकता विधेयकमा 'पुनर्विचार'को आग्रह भएको हो। जनताका आवाजलाई सरकारले नसुनेपछि राष्ट्रपतिले चासो राख्नु स्वाभाविकै हो।

नागरिकता विधेयकमा सत्तापक्ष कति बेइमान र राजनीतिक स्वार्थ वा लेनदेनमा बाँधिएको छ भन्ने कुरा त संसद्मा विचाराधीन विधेयक फिर्ता लिने निर्णयबाटै प्रष्ट हुन्छ। संसदीय समितिले झन्डै दुई वर्षको छलफल, बहस र विमर्श गरेर अन्तिम चरणमा पुऱ्याइएको नागरिकता संशोधन विधेयकलाई एउटा निर्णयकै भरमा संसद्बाट सरकारले फिर्ता लियो। वर्षौंसम्म संसद्, सांसद र सरोकारवालाबीचको छलफल, परामर्श र लगानीको 'उपहास' गरियो। विचाराधीन विधेयकलाई फिर्ता लियो र सरकारले नयाँ विधेयक दर्ता गऱ्यो। नयाँ विधेयक ल्याएपछि संसद्मा गहन छलफल, परामर्श र बहस हुनुपर्थ्यो। सांसदहरूका सुझाव, संशोधन र परिमार्जनका प्रस्ताव सुन्नुपर्थ्यो। आवश्यक सुझाव र संशोधनलाई विधेयकमा समेट्नुपर्थ्यो। तर त्यसो गरिएन। सत्तापक्ष हतार-हतार विधेयक पारित गर्ने दिशामा अग्रसर भयो।

सरकारले ल्याएको नागरिकतासम्बन्धी नयाँ विधेयकमा सम्भवतः सबैभन्दा धेरै संशोधन परेका थिए। दलीय आधार र व्यक्तिगत रूपमा सांसदहरूले विधेयकका विभिन्न प्रस्तावित प्रावधानमा संशोधन राखेका थिए। धेरै संशोधन परेको र सांसदहरूको पनि निकै चासो देखिएका कारण विषयगत समितिमा मसिनो गरी विधेयकमाथि छलफल हुने आशा र अपेक्षा थियो। तर, सत्तापक्ष बलजफ्ती गर्ने दिशामा गयो। 'फास्ट ट्र्याक'बाट विधेयक पारित गर्ने भन्दै सांसदहरूका सुझाव र संशोधनको सुनुवाइ नै नगर्ने 'लाइन' सत्तापक्षले लियो। छलफल र बहस नै नगरी एकैपटक प्रतिनिधिसभाको पूर्ण बैठकमा सबै संशोधनलाई निर्णयार्थ पेस गरियो र बहुमतका आधारमा सांसदहरूका प्रस्ताव फेल भएको घोषणा गर्दै विधेयक पारित गरियो। संसदीय परम्परा र अभ्यासभन्दा भिन्न ढंगले सरकार प्रस्तुत भयो। सरकारको उक्त 'योजना'मा सभामुख अग्नि सापकोटा पनि 'सहयोगी' बन्नुभयो।

संसद्को सबैभन्दा ठूलो र प्रमुख विपक्षी एमालेले उक्त विधेयकमा 'गम्भीर' असहमति राखेको छ। कुनै पनि नेपाली नागरिक नागरिकताबाट बञ्चित हुनु हुँदैन र कुनै पनि विदेशीले नेपाली नागरिकता नपाओस् भन्नेमा एमाले सचेत छ। एमालेको चासो भनेको वैवाहिक अंगीकृतको नागरिकताको प्रावधानमा हो। नेपाली नागरिकसँग विवाह गरेर आउने कुनै पनि विदेशीका लागि नागरिकता लिन केही समयको 'कुलिङ पिरियड' राख्नुपर्छ भन्नेमा एमाले र यसका लाखौंलाख नेता, कार्यकर्ताको समान भावना र भनाइ छ।

उत्तर-दक्षिणमा अर्बौं जनसंख्या भएका दुई ठूला देश र खुला सिमानाका कारण पनि वैवाहिक अंगीकृत नागरिकताको प्रावधानमा सात बर्षको समयसीमा तोक्नुपर्छ भन्ने एमालेको अडान हो। यो कुनै नौलो वा आपत्तिको विषय पनि होइन। अन्त त परै जाओस्, नेपालको सबैभन्दा बढी बिहेवारी र सांस्कृतिक सम्बन्ध भएको छिमेकी देश भारतमा नै वैवाहिक अंगीकृत नागरिकतामा सात वर्षको प्रावधान छ। भारतमा विवाह गरेर जाने हाम्रा चेलीहरूले नागरिकता पाउन सात वर्ष कुर्नुपर्छ भने उताबाट विवाह गरेर आउने 'बुहारी'ले सात वर्ष कुर्नुपर्ने प्रावधान राख्दा के-के आपत्ति हो ? एक हातमा सिन्दूर, अर्को हातमा नागरिकता पाउनुपर्छ भन्ने भनाइको तात्पर्य के हो ? यसको दीर्घकालीन असर के पर्छ ? भोलिका दिनमा देशको सार्वभौमसत्ता र सुरक्षामा के-कस्तो प्रभाव पर्छ भन्ने कुराको ख्याल सत्तापक्षले गर्नुपर्छ कि पर्दैन ? कुनै एउटा चुनावमा मेरो पार्टी वा मेरो पक्षमा मत आउँछ भन्ने बुझाइकै आधारमा यति ठूलो विषयमा राजनीतिक सौदाबाजी गर्न मिल्छ ? देश र जनतालाई 'हराएर' आफ्नो पार्टीलाई चुनावमा 'जिताउने' षड्यन्त्रको जनताले पक्कै पनि पर्दाफास गर्नेछन्। जनताले फैसला दिनेछन्। यस विषयमा सत्तासीन माओवादीको केन्द्रका सांसदहरूले रूप परिवर्तन गरेको देख्दा अचम्म लाग्छ। विगतमा नागरिकता विधेयकमाथि राज्य व्यवस्था समितिमा छलफल हुँदा माओवादी केन्द्रका सांसदहरू चर्को राष्ट्रवादी बन्दै वैवाहिक अंगीकृतमा १५ वर्षको प्रावधान राख्नुपर्ने धारणा राख्नुहुन्थ्यो। संविधान निर्माणका क्रममा राज्यका निर्देशक सिद्धान्त समितिमा पनि माओवादीका सांसदहरूले वैवाहिक अंगीकृतको नागरिकता लिन १५ वर्ष अवधि तोक्नुपर्ने भन्दै संशोधन र अडान नै राख्नुभएको थियो। तर, आज पार्टी सत्तामा पुगेपछि उहाँहरूको त्यो 'चर्को राष्ट्रवाद' कसरी सेलायो भन्ने आश्चर्यको विषय बनेको छ। यस्तो गम्भीर र देशको सार्वभौमिकतासँग जोडिएको विषयलाई माओवादीले सत्तास्वार्थसँग जोड्दा यसका कार्यकर्ता के हेरेर बसेका होलान् ?

सम्मानित राष्ट्रपति संस्थाले चासो देखाएर फिर्ता पठाएपछि राष्ट्रको अर्को अंग व्यवस्थापिकाले त्यसलाई गम्भीरतापूर्वक लिनुपर्छ। त्यो उसको दायित्व हो, कर्तव्य हो। विधेयकमा संशोधन दर्ता गरेका सांसदहरूका भनाइ र सुझाव सुन्ने र परिमार्जनका लागि सत्तापक्ष तयार हुनैपर्छ। 'प्राविधिक बहुमत' का आधारमा बलमिच्याइँ गरेर राष्ट्रपति समक्ष जस्ताको तस्तै पठाउन खोज्नु भनेको जनप्रतिनिधि निकायप्रतिको बेवास्ता हो, जनताका भावनाको अपमान हो। त्यस्तो भयो भने देश र जनताको दुर्भाग्य हो। नागरिकताजस्तो संवेदनशील विषयलाई 'प्राविधिक' बहुमतका आधारमा छिनोफानो गर्नुहुन्न। संसद्को सबैभन्दा ठूलो र प्रतिपक्ष दलको पनि सहमति जुटाउनुपर्छ। जनप्रतिनिधिका धारणा र दृष्टिकोण सुनेर मात्रै निर्णयमा पुग्ने धैर्य सरकारमा हुनुपर्छ। अर्कोतिर, राष्ट्रपतिले पुनर्विचार गर्न आग्रह गरेका कारण सभामुखले यस विषयमा सिंगो संसद्को धारणा बुझ्ने र त्यसअनुसार मात्रै निर्णय प्रक्रिया अगाडि बढाउनुपर्छ। त्यसका लागि सभामुखले नै सर्वदलीय बैठक/छलफलको आयोजना गरेर मात्रै प्रक्रिया अघि बढाउनुपर्छ। जनताका मुद्दा, चासो र समस्यामा बहस/छलफल नगराउने, उल्टै बालुवाटार वा पार्टी कार्यालयमा भएका सहमतिलाई संसद्मा सोझै पारित गराउनेतिर सभामुख जानुभयो भने संसद्को पनि गरिमा, मान र इज्जत रहन सक्दैन। नागरिकता संशोधन विधेयक संसद्को सम्पत्ति भइसकेकाले सभामुखले नै छलफलका लागि पहल गर्नुपर्छ। सरकार र राष्ट्रपति संस्था वा सत्तापक्ष र विपक्षी दलबीच द्वन्द्व फैलाउने काममा सभामुख सहयोगी बन्नु हुन्न।

पहाडी एमाले सांसद हुन्।


कृष्णनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

कृष्णनगर कपिलवस्तु

लुम्बिनी प्रदेश नेपाल

### सुलभ शौचालय शुल्क संकलनसम्बन्धी

### शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/०३

कृष्णनगर नगरपालिका,नगर कार्यपालिकाको आठौंनगर सभाको निर्णय बमोजिम कृष्णनगरनगरपालिकाको वडा नं.१ स्थित सुलभ सौचालय शुल्क संकलन कार्य न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व.०७९/०८० को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदां ईच्छुक दर्तावाला फर्म/संघ संस्थाहरुले लिन चाहेको ठेक्काकोदरभाउ पत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुने आउने रकम नगदै यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर शाखा स्थानीय तह धरौटी खाता न.०१४०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी गरिएको बैंक जमानत बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धितसबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ|

**शर्तहरु:**

१.दरभाउ पत्र फारम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखा बाटतोकिएको दस्तुर(पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ|
२.यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका दरभाउ पत्र दाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ|
३.दरभाउ पत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले १५ओ दिन सम्म कार्यालय समय भित्र र उक्तदिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयकोराजश्व शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिने छ|
४.दरभाउ पत्र १६ओ दिनको १२:०० बजे भित्र तथा उक्त दिनविदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र यसन.पा. कार्यालयमा दरभाउ पत्रदर्ता गर्न सकिनेछ|दर्ता भएकै दिनको १:०० बजे पछी दरभाउ पत्र दरभाउदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ|
५.दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन|
६.कार्यालयबाट बिक्री नभएको,दरभाउ पत्र दाताको दस्तखत नभएको र शर्तराखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन|
७.रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन|
८.दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहिने छ|
९.व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृदी करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ|
१०.यसमा नपरेका अन्य कुराहरुप्रचलित ऐन,नियम अनुसार हुनेछ|
११.यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ|
१२.सरसफाई गर्नु पर्ने क्षेत्रहरुः कृष्णनगर नगरपालिका वडा नं.१ स्थित सुलभ शौचालय |

**तपसिल**

| क्र.स. | ठे.न. | विवरण | कार्यालयको न्यूनतम अंक | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | KNM/NCB/Sauchalay-01/79/80 | कृष्णनगरनगरपालिका वडा नं.१ मा सुलभ शौचालय शुल्क संकलन न्युनतम मासिक | १५०,०००.०० | ३०००.०० |

रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

## कपिलवस्तु...

समस्या देखिएको उनले बताए।

अवैध औषधि पसलेहरुले जनस्वास्थय संग प्रत्यक्ष खेलवाड गरिरहेको भन्दै पाण्डेयले अवैध क्लिनिक तत्कालै बन्द गर्नु पर्ने बताए। अनुगमनका लागि आफूले प्रशासन कार्यालय, प्रहरी र स्थानीय निकायसँग समन्वय गर्ने उनले बताए। प्रशासन कार्यालयका सहायक प्रजिअ अनिमल पौडेलले कानुनी औषधि पसलको अनुगमनमा स्वास्थ्य कार्यालयले तत्परता देखाउनु पर्ने बताए। 'हामीले सहयोग गर्न तयार छौं, स्वास्थ्य कार्यालयले अग्रसरता देखाउनु पर्यो '

**अनुगमन गर्दै प्रशासन**

जन गुनासो बढेपछि प्रशासन कार्यालयले अनुगमनलाई तीव्रता दिएको जनाएको छ। गत साता सहायक प्रजिअ अनिल पौडेलको अगुवाईमा महराजगंज नगरपालिका २ वटा मेडिकल स्टोरमा अनुमगन गरिएको थियो। सोक्रममा आवश्यक कागजातहरु नभेटिएपछि वडा नम्बर १० बिजगौरीको पबित्र बिश्वास मेडीकल स्टोर र महराजगंज नगरपालिका वडा नम्बर १ स्थित नानीमाया आचार्य मेडिकल स्टोरलाई पसल बन्द गरी हाँजिर हुन निर्देशन गरिएको पौडेलले बताए।

उता प्रअिज धर्मेन्द्र कुमार मिश्रको अगुवाईमा महराजगंज र शिवराज नगरपालिकाका गरी ८ वटा मेडीकल स्टोरमा अनुमन गरिएको थियो। अनुगमनका क्रममा शिवराज नगरपालिकाको थुन्हिया चोकमा बिकास बिश्वास नामक बंगाली डाक्टरले संचालन गरको मेडिकल स्टोरमा ईजाजत बिना संचालन गरेको भेटियो। बिश्वासले आफू भारतको कलकत्ताको भएको र कक्षा १० सम्म पढेको बताएको प्रजिअ धर्मेन्द्र कुमार मिश्रले बताए। 'बिश्वासको औषधि पसल औषधि व्यवस्था बिभागमा दर्ता नभएको, कुनै बिल नभएको, प्रतिबन्धित भारतीय औषधि समेत भेटाएको थियौं' उनले भने।

सो पसलमा गर्भपतनको औषधि समेत भेटिएको प्रजिअ मिश्रले बताए। सो पसललाई सिल गरी प्रशासन कार्यालयमा हाँजिर हुन निर्देशन दिएको उनले बताए। महराजगंज नगरपालिकामा रहेको अपना स्वाथ्य क्लिनिकका संचालक भने अनुगमन टोलीलाइए देखेर भागेका थिए। सो क्लिनिकमा टिटिको भ्याक्सिन बाहिर अलपत्र अवस्थामा राखिएको थियो। यस्तै शिवराज नगरपालिका वडा नम्बर ३ स्थित राहुल श्रीवास्तवले नाम समेत नभएको क्लिनिक संचालन गरेर बसेका थिए। यस्तै शिवराज नगरपालिका ८ खैरेन्द्रपुरमा जितु श्रीवास्तवले नाम नभएको स्वास्थय क्लिनिक संचालन गरेका थिए। अनुगमन टोलीलाई देखेपछि उनी त्यहाँबाट भागेका थिए।

टोलीले महाराजगंजको सिफा फार्मेसी, महाराजगंज प्याथोलोजी, रन्जु फार्मेसी लागयतको अनुगमन गरेका थियो। 'धेरै औषधि पसल अवैधरुपमा संचालन गरेका पायौं' प्रजिअ मिश्रले भने मापदन्ड विपरित संचालित क्लिनिकहरुलाई सिल गरी प्रशासनमा आउन निर्देशन दिएको छौं,' उनले अनुगमनलाई निरन्तरात दिने बताए।

---

कृष्णनगर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

कृष्णनगर कपिलवस्तु

लुम्बिनी प्रदेश नेपाल

### कृष्णनगर बजारतथा नाला सरसफाई गर्ने कार्य सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हान्को सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/०३

कृष्णनगर नगरपालिका,नगर कार्यपालिकाको आठौंनगर सभाको निर्णय बमोजिम कृष्णनगर तथा बहादुरगंज बजार तथा नाला सरसफाई गरि फोहोर संकन र व्यवस्थापन गर्ने कार्य र बेवारिसे लास सतगत गर्ने तथा मरेका छाडा पशु चौपाया लाई व्यवस्थापन गर्ने कार्य अधिकतम ठेक्का अंकमा नबढने गरी आ.व.०७९/०८० को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदां ईच्छुक दर्तावाला फर्म/संघ संस्थाहरुले लिन चाहेको ठेक्काकोदरभाउ पत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुने आउने रकम नगदै यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर शाखा स्थानीय तह धरौटी खाता न.०१४०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी गरिएको बैंक जमानत बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धितसबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

**शर्तहरुः**

१.दरभाउ पत्र फारम र शर्तहरुको सुची यस कार्यालयको राजश्व शाखा बाटतोकिएको दस्तुर(पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ।

२.यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका दरभाउ पत्र दाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

३.दरभाउ पत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले १५ओ दिन सम्म कार्यालय समय भित्र र उत्तदिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयकोराजश्व शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिने छ।

४.दरभाउ पत्र १६ओ दिनको १२:०० बजे भित्र तथा उक्त दिनविदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र यसन.पा. कार्यालयमा दरभाउ पत्रदर्ता गर्न सकिनेछ।दर्ता भएकै दिनको १:०० बजे पछी दरभाउ पत्र दरभाउदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।

५.दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।

६.कार्यालयबाट बिक्री नभएको,दरभाउ पत्र दाताको दस्तखत नभएको र शर्तराखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन।

७.रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।

८.दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहिने छ।

९.व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृदी करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ।

१०.यसमा नपरेका अन्य कुराहरुप्रचलित ऐन,नियम अनुसार हुनेछ।

११.यस सम्बन्धमा अन्य थप केही कुरा बुझनु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

१२.सरसफाई गर्नु पर्ने क्षेत्रहरुः कृष्णनगर नगरपालिका वडा नं.१ को नेपाल बिद्युत प्राधिकरण देखि सेमरा गाउँ हुदै भन्सार कार्यालय सम्म , कृष्णनगर न.पा-०२ सम्पूर्ण वडा बजार क्षेत्र, कृष्णनगर नगरपालिका वडा नं.२ झंडेनगर क्षेत्र रकृष्णनगर नगरपालिका वडा नं.८ र ९ को बहादुरगंज बजार क्षेत्रसरसफाई तथा नाला सरसफाई गरि फोहोर संकन तथा व्यवस्थापन समेत र बेवारिसे लास र मरेका पशु चौपायाहरुलाई व्यवस्थापन।

**तपसिल**

| क्र.स. | ठे.न. | विवरण | कार्यालयको न्यूनतम अंक | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | **KNM/NCB/Sarsaphai-01/79/80** | कृष्णनगर बजार र बहादुरगंज बजार तथा नाला सरसफाई गरि फोहोर संकन तथा व्यवस्थापन कार्यतथा कार्यालयले ठेक्का सम्झौतामा उल्लेख गरेको क्षेत्र अधिकतम मासिक | ४००,०००.०० | ३०००.०० |

रामचन्द्र ढकाल

प्रमुख प्रशासकीय अधिकृत

---

## शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा कपिलवस्तु

प्रथम पटक प्रकाशित मिति २०७९।०५।०३

**कवाडी रमृत जिवजन्तुको हाड, सिंग, खुर तथाछालाआदिनिकासी कर सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

शिवराज नगरपालिका, नगर कार्यपालिकाको तेश्रो नगर सभाको निर्णय बमोजिम **कवाडी रमृत जिवजन्तुको हाड, सिंग, खुर तथाछालाआदिनिकासी कर** संकलन गर्ने कार्यमा निम्न अनुसारको न्यूनतम ठेक्का अंकमा नघटने गरी आ.व. ०७९।०८० को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुंदा इच्छुक दर्तावाला फर्म/संघ संस्थाहरुले लिन चाहेको ठेक्काको दरभाउ पत्र फाराम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको ठेक्का अंकको १० प्रतिशतका दरले हुने आउने रकम नगदै यस नगरपालिकाको नेपाल बैंक लिमिटेड चन्द्रौटा शाखा *स्थानीय तह धरौटी खाता नं २२८०३००००३०००००००१* मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

**शर्तहरुः**

१. दरभाउ पत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजश्व शाखा बाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ।
२. यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका दरभाउ पत्र दाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
३. दरभाउ पत्र प्रथम पटक सूचना प्रकासित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र र उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिने छ।
४. दरभाउ पत्र १६ औ दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र यस न.पा.कार्यालयमा दरभाउ पत्र दर्ता गर्न सकिनेछ। दर्ता भएकै दिनको २:०० बजे पछी दरभाउ पत्र दरभाउदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।
५. दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।
६. कार्यालयबाट विक्री नभएको , दरभाउ पत्र दाताको दस्तखत नभएको र शर्त राखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन।
७. रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन।
८. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहिने छ।
९. व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिबृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ।
१०. यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ।
११. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

**तपसिल**

| क्र.स. | ठे. न. | विवरण | कार्यालयको न्यूनतम अंक(भ्याट बाहेक) | अवधि | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| १. | SM/IR/2079/080-06 | कवाडी रमृत जिवजन्तुको हाड, सिंग, खुर तथाछालाआदिनिकासी कर | १०,००,०००.०० | २०८० असार मसान्त सम्म | १०००.०० |


लागु औषद सेवनले मानिसको शारिरिक र मानसिक स्वास्थ्य बिग्रन्छ ,धन सम्पतीको वर्वाद गर्दछ ।यसको प्रयोग वाट आफु ,परिवार,सामाजलाई नै अपुरणीय क्षेती पुग्ने हुदा यस्ता पदार्थ देखी टाढा रहौं ।
अनुरोधक :-
कन्चंन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

मानव बेचविखन विरुद्ध सारा नेपाली एक हाऔं।
अनुरोधक :-
बाणगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

छोरा र छोरी सामान व्यवहार गरौं ,। छोरी लाई पनि स्कुल पठाऔं ।
अनुरोधक :-
बुद्धभुमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

रोगबाट बच्न व्यतिगत सरसफाईमा विशेष ध्यान दिऔं ।
अनुरोधक :-
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर पालुवा पशुपंक्षीलाई जङ्गली जनावरको सम्पर्कमा आउन नदिऔं ।
अनुरोधक :-
मायादेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं ।
अनुरोधक :-
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घरेलु हिंम्सा अपराधको जघन्य प्रकार,सबै मिलि गरौं यसको प्रतिकार
अनुरोधक :-
यशोधरा गाउँपालिका वडा नं. ५
कपिलवस्तु

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाउ ।
अनुरोधक :-
विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

वस्तु वा सामान खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।
अनुरोधक :-
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय
रुपन्देही

खानेपानीका मुहानहरु सफा राखौं ।
अनुरोधक :-
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सागसब्जी सफापानीले पखालेर मात्र खाने गरौं ।
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं ।
अनुरोधक :-
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु






# दाङमा 'हनी ट्र्याप' पार्ने ५ जना पक्राउ



दाङ, २ भदौ

दाङमा 'हनी ट्र्याप'मा पारेर पैसा असुल्न खोज्ने गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा रोप्लाको परिवर्तन गाउँपालिका-५ बस्ने ४० वर्षीय दिलिपकुमार वली, दाङको घोराही उपमहानगरपालिका-१० नारायणपुरका ३२ वर्षीया पवित्रा डाँगी, सोही ठाउँकी ३२ वर्षीया बिमला डाँगी, २९ वर्षीया शान्ता नेपाली र २२ वर्षीया शर्मिला भन्ने प्रमिला नेपाली रहेका छन्।

उनीहरुले घोराही उपमहानगरपालिका- १० नारायणपुरमा सुनचाँदी व्यवसाय गर्ने दिनेश घर्तीमगरलाई प्रेम सम्बन्धको नाटक गरी उनीसँग रकम असुल्न खोजेको प्रहरीको भनाइ छ । पक्राउ परेका दिलिपकुमारको संलग्नतामा युवती प्रमिलालाई प्रयोग गरेर उक्त गिरोहले पैसा असुल गर्न खोजेको खुलेको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख एसपी सुरेशप्रसाद काफ्लेले बताए।

प्रहरीका अनुसार प्रमिलाले साउन २६ गते राति ११ बजे सुनचाँदी व्यवसायी घर्तीमगरलाई आफ्नो कोठामा बोलाएकी थिइन्। व्यवसायी घर्ती उनको कोठामा पुगेलगत्तै दिलिप, बिमला, शान्ता र पवित्रा पनि पुगेर उनलाई हातपात गर्नुका साथै बलात्कारको आरोपमा प्रहरीमा उजुरी दिने भन्दै धम्क्याएका थिए । त्यसपछि उनीहरुले पैसा दिए प्रहरी कहाँ कुरा नपुग्ने बताए । 'सुरुमा घर्तीसँग एउटा घडेरी पास गर्न भनिएको रहेछ' प्रहरी उपरीक्षक काफ्लेले भने, 'घर्तीले आफूसँग जग्गा नभएको र पैसा दिने बताएपछि नगद र पटक-पटक चेक गरी १२ लाख रुपैयाँ लिएका रहेछन् ।' काफ्लेका अनुसार घर्तीसँग उनीहरुले १ लाख नगद, २ लाखको २ वटा चेक र ७ लाख २० हजारको अर्को चेक लगेका थिए । पक्राउ परेकाहरुमाथि अहिले अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# राप्ती नदीमा डुंगा पल्टियो



दाङ, २ भदौ

दाङमा विद्यार्थी बोकेको डुंगा दुर्घटना भएको छ। राप्ती नदी तरिरहेको विद्यार्थी बोकेको डुंगा दुर्घटना हुँदा विद्यार्थीहरू घाइतेसमेत भएका छन् । ७ जनाको क्षमता भएको डुंगामा २५ जना बसेर नदी पार गर्न खोज्दा ओभर लोडले डुंगा पल्टिएको इलाका प्रहरी कार्यालय गढवाका प्रहरी निरीक्षक रञ्जु केसीले बताइन् ।

क्षमताभन्दा बढी यात्रु सवार रहेकाले ओभरलोडले पल्टिएको देखिएको उनले बताए । लमही नगरपालिका-९ तरुलियाबाट डुंगा चढेर राप्ती नदी पारी राजपुर गाउँपालिका-७मा रहेको मावि सिक्टामा अध्ययनरत कक्षा ६, ७ र ८ कक्षाका विद्यार्थीहरू सवार डुंगा दुर्घटनामा परेको हो । दाङ प्रहरी प्रमुख एसपी सुरेश काफ्लेले विद्यालय समयमा डुंगा पल्टिदा २५ जना विद्यार्थी नदीमा खसेको र त्यसमध्ये तीन जना विद्यार्थीले बढी पानी खाएका कारण उपचार भइरहेको बताए। लमही नगरपालिका-९ तरूलियाका सिक्टा माविमा कक्षा ६ मा अध्ययनरत १३ वर्षीय मनिष विक, १२ वर्षीया रिमा राम्जाली, कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सन्दीप विकको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

# नवौं राष्ट्रिय खेलकुदमा २२ खेल पोखरामा, बाँकी खेल अन्य जिल्लामा गर्ने प्रस्ताव



पोखरा २ भदौ

गण्डकी प्रदेशमा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु भएको छ। प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी रहेको राष्ट्रिय खेलकुद परिषद (राखेप) बाट गठित विभिन्न समिति र प्रदेश खेलकुद परिषद् गण्डकीले प्रतियोगिताको तयारीका काम अघि बढाएका हुन्।

खेलस्थल छनोट, खेलाडी छनोट तथा प्रशिक्षणको काम अहिले भइरहेको छ। राष्ट्रिय खेलकुदको तयारीका लागि राखेपबाट गठन गरिएको खेलस्थल व्यवस्थापन उपसमितिले प्रदेशका जिल्लामा खेलकुद पूर्वाधारको निरीक्षण तथा अवलोकन गरेको छ। प्रतियोगिताका अधिकांश खेल पोखरा र पोखरा रङ्गशालामा हुने भए पनि प्रदेशका ११ वटै जिल्लामा राष्ट्रिय खेलकुदको अपनत्वका लागि कम्तीमा एक खेल खेलाउने योजना राखेपको छ।

खेलस्थल व्यवस्थापन उपसमिति संयोजक राजेश गुरुङले चार दशकपछि पोखरामा हुन लागेको प्रतियोगिताले प्रदेशवासी उत्साहित भएका बताए। खेल पूर्वाधार रहेका जिल्लामा आवास, अस्पताल, यातायात र सुरक्षालाई ध्यानमा राख्दै कुन जिल्लामा कुन खेल सञ्चालन गर्ने भन्ने निर्णय आगामी भदौ १५ भित्र टुङ्गो लाग्ने उनले बताए।

"प्रदेशका अधिकांश जिल्लामा खेल पूर्वाधारको निरीक्षण गरेका छौं। खेल सञ्चालनका लागि आवश्यक सबै पक्षलाई हेरेर खेलस्थलको टुङ्गो लगाउने तयारीमा छौं", गुरुङले भने। खेलस्थल व्यवस्थापन उपसमितिले सरकारीबाहेक निजी सङ्घ संस्थाबाट निर्मित खेल पूर्वाधारलाई समेत प्रतियोगिताका लागि उपयोग गर्ने योजना बनाएको छ।

राष्ट्रिय खेलकुदमा ३६ र दुई प्रदर्शनी खेल गरी ३८ खेल सञ्चालन गर्ने निर्णय राखेपले गरिसकेको छ। राष्ट्रिय खेलकुदको अपनत्व सबै जिल्लामा गराउन कम्तीमा एक खेल सञ्चालनको योजनाअनुसार पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले यसअघिनै राखेपमा खेल र खेलस्थल प्रस्ताव गरेको पठाएको थियो। यसको अन्तिम निर्णय राखेपले गर्नेछ।

प्रस्तावित खेलस्थलमा पुरुष फुटबलसहित एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, भलिबल, ब्याडमिन्टन, उसु, ह्याण्डबल, हक्की, स्क्वास र सुटिङका महिला तथा पुरुष स्पर्धाका खेल पोखरामा सञ्चालन हुनेछन्।

यसैगरी जिमन्याष्टिक, लनटेनिस, सफ्टटेनिस, क्रिकेट, साइक्लिङ, आर्चरी, पौडी, गल्फ, शारीरिक सुगठन, प्याराग्लाइडिङ र ट्रायथोलनका महिला तथा पुरुषको खेल पनि पोखरामा प्रस्ताव गरिएको छ।

महिला फुटबल स्याङ्जाको वालिङ, तेक्वान्दो (महिला-पुरुष) बागलुङ, कराँते (महिला-पुरुष) लमजुङ, टेवलटेनिस (महिला-पुरुष) मुस्ताङ, कबड्डी, कुस्ती र खोखो (महिला-पुरुष) नवलपुर तथा जुडो र सेपाकताक्रो (महिला-पुरुष) गोरखामा खेलाउने प्रशताव यसअघिनै पठाइएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए।

बास्केटबल (महिला-पुरुष) तनहुँ, बुद्धिचाल (महिला-पुरुष) मनाङ, आइटिएफ तेक्वान्दो (महिला-पुरुष) म्याग्दी, फुलकन्ट्याक्ट कराँते (महिला-पुरुष) स्याङ्जा र फेन्सिङ (महिला-पुरुष) पर्वतमा गर्न राखेपसमक्ष प्रस्ताव गरी पठाइएको उहाँले बताउनुभयो। प्रदर्शनी खेल लोकदोहोरी पोखरामा गर्ने योजना छ।


**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो।**

त्यसैले

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो।

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं।

**भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।**

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश








**जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दर्शाऔं ।**

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

**कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।**

नेपाल सरकार
विज्ञापन वोर्ड



**कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि

प्रबन्ध निर्देशकः **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादकः **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादकः **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**

**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही